बैठक संख्या-

आजमिति २०८२।०२।१०गते  शनिवार दिनको २:०० बजे जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार साह ज्युको अध्यक्षतामा नगरकार्यपालिकाको बसेको बैठकमा देहाय बमोजिमको नगरकार्यपालिकाको पदाधिकारीज्यूहरुको उपस्थिति रहयो।

## उपस्थिति

| क्र.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह | नगर–प्रमुख | |
| २ | श्री किशोरी साह | नगरउप–प्रमुख | |
| ३ | श्री दिप नरायण यादव | वडाअध्यक्ष, वडानं.१ | |
| ४ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडानं.२ | |
| ५ | श्री दिपेन्द्र कुमार साह | वडाअध्यक्ष, वडानं.३ | |
| ६ | श्री पं. सुरेस झा | वडाअध्यक्ष, वडानं.४ | |
| ७ | श्री बेचन साहु हलुवाई | वडाअध्यक्ष, वडानं.५ | |
| ८ | श्री दिनेस प्रसाद साह | वडाअध्यक्ष, वडानं.६ | |
| ९ | श्री निरज कुमार साह (मुन्ना) | वडाअध्यक्ष, वडानं.७ | |
| १० | श्री दिनेश कुमार सिंह | वडाअध्यक्ष, वडानं.८ | |
| ११ | श्री प्रमेश्वर साह | वडाअध्यक्ष, वडानं.९ | |
| १२ | श्री ~~मिथलेस कुमार कर्ण~~ गिता कुमारी यादव | वडाअध्यक्ष, वडानं.१० | |
| १३ | श्री अर्जुन कुमार चौधरी | वडाअध्यक्ष, वडानं.११ | |
| १४ | श्री महेन्द्र साह | वडाअध्यक्ष, वडानं.१२ | |
| १५ | श्री जित बहादुर राउत | वडाअध्यक्ष, वडानं.१३ | |

| | | | |
|---|---|---|---|
| १६ | श्री पुण्य प्रताप यादव | वडाअध्यक्ष, वडानं.१४ | |
| १७ | श्री सन्तोष कुमार साह | वडाअध्यक्ष, वडानं.१५ | |
| १८ | श्री राम चन्द्र पंजियार | वडाअध्यक्ष, वडानं.१६ | |
| १९ | श्री राम बृक्ष यादव | वडाअध्यक्ष, वडानं.१७ | |
| २० | श्री लक्ष्मेश्वर मण्डल | वडाअध्यक्ष, वडानं.१८ | |
| २१ | श्री बिनोद कुमार साह | वडाअध्यक्ष, वडानं.१९ | |
| २२ | श्री मोति राइन | वडाअध्यक्ष, वडानं.२० | |
| २३ | श्री राज नारायण साह | वडाअध्यक्ष, वडानं.२१ | |
| २४ | श्री बिमलेश मिश्र | वडाअध्यक्ष, वडानं.२२ | |
| २५ | श्री राघबेन्द्र प्रसाद साह | वडाअध्यक्ष, वडानं.२३ | |
| २६ | श्री शेष नाथ मण्डल | का.व.वडाअध्यक्ष, वडानं.२४ | |
| २७ | श्री चन्देश्वर साह | वडाअध्यक्ष, वडानं.२५ | |
| २८ | श्रीमती शैल कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| २९ | श्रीमती शारदा पन्त | नगर कार्यपालिका सदस्य | |
| ३० | श्रीमती मनिषा देवी | नगर कार्यपालिका सदस्य | |
| ३१ | श्रीमती फुल कुमारी देवी | नगर कार्यपालिका सदस्य | |
| ३२ | श्रीमती सन्जु देवी दास | नगर कार्यपालिका सदस्य | |
| ३३ | श्री राकेश विक्रम साह | नगर कार्यपालिका सदस्य | |
| ३४ | श्री दिपेन्द्र कुमार साह | नगर कार्यपालिका सदस्य | |
| ३५ | श्री सन्तोष महतो | नगर कार्यपालिका सदस्य | |
| ३६ | श्री मित्र लाल ढकाल | सदस्य सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| ३७ | श्री मैथिलाल यादव | वरिष्ठ उपसचिव | |
| ३८ | श्री [illegible] कुमार यादव | प्रशासन शाखा प्रमुख | [signature] |
| ३९ | श्री रामकृपाल यादव | अधिकृत छैठौं | [signature] |
| ४०. | श्री [illegible] कुमार सिंह | स्वकीय सचिव | [signature] |
| ४१. | श्री श्रवण कुमार साह | क. अपरेटर | |
| ४२ | श्री विमल प्रसाद साह | सचिवालय कर्मचारी | |

**मिति २०८२।०२।१० गते शनिवारका दिन बसेको जनकपुरधाम उप-महानगरपालिकाको आ.व. २०८१।०८२ को नगर कार्यपालिकाको बैठकको निर्णयहरु:**

निर्णय नं. १. आगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रमको तयारी सम्बन्धमा छलफल भयो। आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम (बजेट) समयमै तयार गरी समयमै नगरसभा सम्पन्न गर्न पूर्ण तयारीका साथ लाग्न न.पा. महाशाखा, शाखा तथा वडा कार्यालयहरुलाई आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. २. चालु आ.व. २०८१।०८२ को स्वीकृत योजना तथा कार्यक्रमको माथि समिक्षा गरियो । चालु आ.व. समाप्त हुन धेरै समय बाँकी नरहेकाले चालु आ.व. मा सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरु यथाशीघ्र सञ्चालन गरी फर-फारक सहित भुक्तानिका लागि समयमै मिति २०८२।०३।१५ गते सम्म) फाईल कागजात उप-महानगरपालिकामा पेश गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ३. यस उप-महानगरपालिकाको चालु आ.व. मा स्वीकृत एउटै प्रकृति तथा एउटै क्षेत्रमा रहेको दुई वा सो भन्दा बढी योजनाहरुलाई एउटै उपभोक्ता समिति वा एउटै प्रक्रियाबाट (कोटेशन, गोप्य शिलबन्दी बोलपत्र, .......) बाट सञ्चालन भएकाले यसरी सञ्चालन भएको योजना तथा कार्यक्रमको प्रक्रियालाई अनुमोदन गर्दै यसरी एउटै प्रकृति र एउटै क्षेत्रमा रहेका योजना हरुलाई एवम् प्रकारले विगत देखि नै गरिरहेकाले चालु आ.व. मा उक्त कार्यलाई निरन्तरता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. मेडिकलजन्य फोहोर PPP (Public Private Partnership) मोडेलमा व्यवस्थापनको **TOR** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. चालु आ.व. मा सडक बोर्ड, तराई मधेश समवृद्धि कार्यक्रम तथा समपुर्ण योजनाहरुका लागि आवश्यक समपुरक कोष (Matching Fund) को व्यवस्था गर्न छुटेकाले सो फण्डको लागि चालु आ.व. मा नचलेका अन्य योजना तथा कार्यक्रमहरुको वा कन्टिजेन्सी रकमबाट व्यवस्था गरी Matching Fund को व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. यस नगर कार्यापालिकाको कार्यालयमा अधिकृत आठौं (रा.प.तृतीय श्रेणी) पदमा कार्यरत क.सं.नं. १४५९४१ का कर्मचारी धीरेन्द्र लाल कर्ण मिति २०६७।०४।०१ गते देखि लागु हुने गरी नेपाल शिक्षा/शिक्षा प्रशासन समुहको शाखा अधिकृत पदमा बढुवा भई एउटै श्रेणी र पदमा १५ वर्ष देखि अविछिन्न रुपमा कार्यरत रहनुभएको र मिति २०८२।०५।०१ गते देखि निजको अनिवार्य अवकाश हुने भएकोले निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा २०(क) मा एउटै श्रेणीमा कम्तीमा १५ (पन्ध्र) वर्ष सम्म बहाल रहेका कर्मचारी अवकाश हुन १ महिना बाँकी भएमा एक श्रेणी माथिको पदमा बढुवा गर्ने प्रावधान अनुसार निजलाई मिति २०८२।०४।०१ गतेबाट लागु हुने गरी हालको पद भन्दा एक श्रेणी माथिको उपसचिव पदमा बढुवा गर्नका लागि सेवा समुह सञ्चालन गर्ने शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. ७. जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा तपशिलका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

तपशिलः

१. जनकपुरधाम उप-महानगरपालिका बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८२
२. जनकपुरधाम उप-महानगरपालिका संघसंस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी, २०८२

निर्णय नं. ८. मिति २०८२।०२।०५ गते अर्थ मन्त्रालयको च.नं. १५२३ मा शसर्त अनुदान अन्तर्गत बजेट परेको हुँदा वडा नं. १७ ओसरा टोलमा कृषि बोरिङ्ग जडान कार्य र वडा नं. १५ र २० मा कृषि बोरिङ्ग जडान कार्य Tender प्रक्रियाबाट गर्न समय अभावको कारणले गर्दा उक्त कार्य उपभोक्ता समितिमा गराउने कार्य सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं .९. यस जनकपुरधाम उप-महानगरपालिकाका लागि सेवा करारमा १ (एक) इलेक्ट्रिकल ईन्जिनियर पदमा पदपूर्ति गर्न विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. १०. मिति २०८१।१२।२९ गतेमा ज.उ.म.न.पा. वडा नं. ३ स्थित महेन्द्र मेडिकल प्रा.लि. को नाममा रहेको कि.नं. ६६ र २२६ तथा सि.नं. १३९५-०५ र १३५५/२५ भवनको नक्सा सम्बन्धी विवाद यस बोर्डमा पेश हुन आएको र यस सम्बन्धमा व्यापक छलफल हुँदा उक्त विषयलाई छानविन समितिले पेश गरेको प्रतिवेदन तथा अन्य मिसिल संलगन कागजात प्रमाणका आधारमा कानून अनुसार १५ दिन भित्र किनारा गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ११. यस जनकपुरधाम नगर कार्यपालिकाको कार्यालय र सोको शाखा तथा वडा कार्यालयमा स्वीकृत दरवन्दीमा नियुक्त भई कामकाज गरिरहेका कर्मचारीहरुको अनिवार्य अवकाश, दण्ड सजाय, मृत्यु, स्वेच्छिक अवकाश लगायतका कारणले रिक्त भएका ड्राईभर (ह.स.चा., हे.स.चा.,....) कुचिकार, नगर प्रहरी, कार्यालय सहयोगी लगायतका पदमा विज्ञापन द्वारा पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. १२. चालु आ.व.२०८१।०८२ मा स्वीकृत नगर स्तरी योजना वडा नं. २ मा संतोष साहको घरदेखि मिश्री पँजियारको घर सम्म सडक निर्माण कार्य – दश लाखको योजनामा उल्लेखित संतोष साहको ठाउँमा संतोष राय हुनुपर्नेमा भूलवश संतोष साह हुन गएकोले संतोष साहलाई संतोष राय मानी उक्त योजना सञ्चालन गर्ने गराउने निर्णय गरियो।

निर्णय नं. १३. यस उप-महानगरपालिकाको प्रदेश २-०-२००१ ग ००२५ नम्बरको ब्याकुलोडरले ज.१२ प. ७९८७ नम्बरको मोटरसाइकललाई ठक्कर दिई उक्त मोटरसाइकलमा सवार दुई जना क्रमशः सिरहा नगरपालिका, सिरहाका एहसान अंसारी र धनुषा जिल्ला पतनुका ५ का रघुबीर शाह घाइते भई यस उ.म.न.पा. को आदेशमा उ.म.न.पा.वाट ब्यहोर्ने गरी रामजानकी अस्पताल जनकपुरमा उपचार गर्न पठाइएको

र उक्त अस्पतालले निजहरूको उपचार गरी उपचारबापत लागेको रकम जम्मा रु.३,९९,९८१।– भुक्तानी मागेकाले सो रकम विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं.१४. उक्त सम्बन्धमा गत आ.व. ०८०।०८१ मा नेपाल सरकार सशर्त अनुदान अन्तर्गत वडा नं. ४ मा रहेको राम मन्दिरमा Deep Hole Boring को निर्माण तथा सौन्दर्यीकरण गर्ने योजना स्वीकृत रहेको र उक्त योजना सञ्चालनको लागि संस्था छनौट गर्न E-Bidding गरिएको र E- Bidding मार्फत खरीद प्रक्रिया गर्दा प्रक्रियागत रुपमा काम गर्दा मूल्याङ्कन समितिले मूल्याङ्कनको कार्य गरी न्युनतम अङ्क कबोल गर्ने संस्था छनौटसम्म गरी आशयको सूचना प्रकाशनमा पुग्दा प्रक्रिया रोकिन गएको र सोही योजनालाई चालु आ.व.०८१।०८२ मा निरन्तरता दिदै बजेट व्यवस्था गरिएको र नगर सभाले साविककै योजनाको निरन्तरता स्वरूप बजेट बिनियोजन गरी साविककै रोकिएको खरिद प्रक्रिया जहाँ जे – जस्तो अवस्थामा पुगेको थियो त्यही अवस्थाबाट बाँकी खरिद प्रक्रिया अगाडी बढाई निरन्तरित उक्त योजना सञ्चालन गर्ने नगर सभाको निर्णय भएकाले आशयको सूचना प्रकाशन गर्ने कार्यसम्म प्रक्रिया पुगी रोकिएकाले आशयको सूचना प्रकाशन गर्दै उक्त योजनाको सञ्चालनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं.१५. यस उप-महानगरपालिकाको १३औं नियमित नगरसभा (नीति तथा कार्यक्रम र आगामी आ.व. को बजेट तथा कार्यक्रम प्रस्तुत) मिति २०८२ साल असाढ १० गते, मङ्गलवारका दिन बिहान ८:०० बजे यसै उप-महानगरपालिकाको नगरसभा हलमा सञ्चालन गर्ने निर्णय गरियो।